# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय

हरिनगरा, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.स.२०७७/०७८ मितिः २०७७/०८/१४

च.न

## उद्यम विकास सहजकर्ता पदपूर्ति सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१४)

आ.व. २०७७/७८ मा यस गाउँपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न सहजकर्ता करारमा पदपूर्ति गर्नु पर्ने भएकोले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०६०२४०१३१११७१०९२ कृषि विकास बैक लि. हरिनगरा शाखामा राजश्व जम्मा गरेको भौचर सहित आवेदन दिनु हुन सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | परिक्षा दस्तुर | माग संख्या | कै |
|---|---|---|---|---|---|---|
| १. | ६ /२०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक पाचौँ | रु ५००।०० | १ | |
| २ | ७/२०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | रु ४००।० | १ | |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः

(क) योग्यताः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ , ( पाचौँ तहका लागि)

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको,( चौथो तहका लागि)

(ग) कम्तीमा तीन महिने आधारभूत कम्प्यूटर सीप तालिम लिएको,

(घ) विवरणा अद्यावधिक (data entry) सम्बन्धी कार्यको अनुभव भएको

(ङ) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धी अनुभव भएको

२. उमेर :- कम्तीमा १८ वर्ष पुरा भएको

३. दरखास्त दिने स्थान :- हरिनगर गाउँपालिकाको कार्यालय हरिनगरा सुनसरी।

४. दरखास्त दिने अन्तिम मितिः २०७७/०८/२० गते कार्यालय समयभित्र।

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र अन्तरवार्ता।

६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरको प्रतिलिपि,

अ) नेपाली नागरिकता

आ) न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र

इ) चारित्रिक प्रमाण पत्र अनुभव खुल्ने कागजात

ई) पासपोर्ट साईजको फोटो ३ प्रति

उ) बायोडाटा

७. सेवा सुविधाः नियमानुसार

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम हुनेछ ।नोटःस्थानिय तथना महिला,दलित,आदिवासी जनजाति मधेसी तथा विपन्न वर्ग र अनुभवीलाई विशेष ग्राहयता दिने छ

२०७७/८/१४
..............................
प्रमुख प्रशासकीय अधिकृत